नेपाल सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालय

# प्रेस विज्ञप्ती

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले बंगलादेशको कोक्सबजारमा डिसेम्बर ९, २०१६ का दिन आयोजित एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICIMOD) को ४७ औं गभर्नर बैठकमा भाग लिनुभयो ।

उक्त बैठकले ICIMOD को सन् २०१६ को हालसम्म सम्पन्न गतिविधिहरुको समीक्षा गर्नुकासाथै आगामी सन् २०१७ को लागि प्रस्तावित कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ ।

सन् १९८३ मा स्थापना भएको उक्त संस्थामा हिन्दूकुश हिमालय क्षेत्रका अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान गरी ८ राष्ट्रहरु सदस्य रहेका छन् भने संस्थाको प्रधान कार्यालय नेपालमा रहेको छ ।

बैठकमा ICIMOD को सहयोग र समन्वयमा सदस्य राष्ट्रहरुमा सम्पन्न भएका गतिविधिहरु प्रस्तुत गर्ने शिलशिलामा उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा भएको प्रगति बारेमा चर्चा गर्दै सन् २०१६ मा ICIMOD को सहयोगमा नेपालमा यसका ६ वटै क्षेत्रीय कार्यक्रमहरु संचालन गरिएको र ६०० भन्दा बढी साझेदार संस्थामा आवद्ध व्यक्तिहरुले क्षमता विकास तालिम लिएको बताउनुभयो ।

त्यसैगरी, उपाध्यक्ष डा. श्रेष्ठले ICIMOD ले भूकम्पपछिको पुनर्निर्माण, कृषि, शिक्षा, क्षमता विकास, ऊर्जा व्यवस्थापन, स्वास्थ्य, वातावरण र सूचना प्रणाली लगायतका क्षेत्रमा नेपाल सरकार, विश्वविद्यालय तथा अन्य साझेदार संस्थासँग मिलेर गरेका कामहरु बारेमा पनि प्रकाश पार्नु भयो ।

उक्त बैठकले ICIMOD को आगामी ५ वर्षको लागि चौथो मध्यमकालिन कार्ययोजनाको खाका समेत पारित गरेको छ । जसअन्तर्गत पर्वतीय विकासका क्षेत्रमा हाल सञ्चालनमा रहेका कतिपय कार्यक्रमलाई निरन्तरता दिन तथा केही नयाँ कार्यक्रमहरु सुरुवात गर्न प्रस्ताव गरिएको छ ।

हालसम्म ICIMOD को Board of Governors बैठक अंग्रेजी वर्षको अन्त्यतिर गर्ने गरिएकोमा आगामी वर्षदेखि हरेक वर्षको April/May महिनामा गर्ने र यसै अनुरुप सन् २०१७ को Board of Governors बैठक आगामी May महिनामा नेपालमा गर्ने समेत निर्णय गरिएको छ ।

मिति: २०७३/०७/२७